### १०. ऐतिहासिक वस्ती, शहरी विकास र भूमि समस्या समाधान

- ऐतिहासिक शहर दोलखालाई सांस्कृतिक पर्यटकीय पूर्वाधार सहित पूनरुत्थान गरिनेछ ।
- गुठी जग्गाको समस्यालाई छिनोफानो गर्न प्रस्तावित ऐनको संशोधन कार्य तत्काल टुङ्ग्याई किसानलाई आफूले वर्षौंदेखि खनजोत गरिरहेको जमीनको स्वामित्व दिलाइनेछ ।

### ११. आज जहाँ छौं, त्यो हिजो हामीले गरेको प्रयत्नको प्रतिफल हो । अझै गर्नु धेरै छ !

- नेकपा एमाले माथि उल्लेखित योजनाहरुको परिकल्पनाकार मात्रै होइन कार्यान्वयन गर्न सक्ने एकमात्र योग्य, सक्षम र प्रतिवद्ध पार्टी हो ।
- पार्टीको तर्फबाट यो निर्वाचनमा प्रत्यक्षतर्फ क . पार्वत गुरुङ र समानुपातिकतर्फ क . टेक घतानी उम्मेदवार हुनुहुन्छ । उहाँहरुलाई सूर्य चिन्हमा मतदान गरी अत्यधिक मतले विजयी गराऔं ।

**हार्दिक अभिवादन !**

**सुर्य चिन्हमा भोट हालौं**

सुर्य चिन्हमा भोट हालौं

**सदैव हाम्रो प्रण**
**दोलखाको**
**आर्थिक रुपान्तरण**

# प्रतिवद्धता पत्र

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को अवसरमा हाम्रो प्रतिवद्धता-

"समृद्ध नेपाल, सुखी नेपाली" नेकपा (एमाले) को राष्ट्रिय सङ्कल्प हो ।
यो सङ्कल्प साकार पार्न नेकपा एमाले दोलखा अविचलित यात्रारत छ ।

> दोलखामा हामी सगौरव भन्दै आएका छौं, -
> समृद्ध दोलखा, सुखी दोलखाली ।
> सुनिश्चित भविष्य, सूर्यमा भोट हाली ।।



**पार्वत गुरुङ**
प्रतिनिधि सभा सदस्य उम्मेदवार
ने.क.पा एमाले, दोलखा

**टेक घतानी**
समानुपातिक प्रतिनिधि सभा सदस्य
ने.क.पा एमाले, दोलखा

**आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

नेकपा (एमाले) नै दोलखा जिल्लामा आर्थिक समुन्नति, भौतिक पूर्वाधार विकास र सामाजिक रुपान्तरणका निमित्त नेतृत्वदायी पार्टी हो । वहुदलीय व्यवस्थाको स्थापना हुँदै संघीय लोकतान्त्रिक गणतन्त्रको शासन व्यवस्थासम्म आइपुग्दा दोलखा जिल्लामा एमालेको प्रयास र पहलकदमीहरु नै निर्णायक रहिआएको छ । वहुदलीय व्यवस्थाको पुनर्स्थापना पश्चात दोलखाको विकास र आर्थिक उन्नतिमा देशका अन्य भूगोल र क्षेत्रहरुको तुलनामा पर्याप्त प्रयासहरु भएको तथ्यहरुले देखाउँछ । अभिलेख, तथ्य र नतिजाहरूका आधारमा नेकपा (एमाले) ले गरेको दोलखा रूपान्तरणको ऐतिहासिक चरणहरुलाई निम्नानुसार बुझ्न सकिन्छ:

- पञ्चायतकालमा दोलखाको ग्रामीण इलाकामा गरिएका भूमिगत राजनीति र सोबाट उत्पन्न सामाजिक चेतनाको उदय ।
- २०५१ मा एमाले नेतृत्वमा बनेको मनमोहन सरकारका पालामा शुरु गरिएको आफ्नो गाउँ आफैं बनाऔं लगायत ९ "स" का कार्यक्रमले ल्याएको विकासको लहर र लोककल्याणकारी (जस्तै, जेष्ठ नागरिक भत्ता) कदमहरु ।
- २०५४ पछि एमाले नेतृत्वको जिविसले तय गरेको जलश्रोत, पर्यटन, वन र कृषि बाली, शिक्षा, स्वास्थ्य, यातायातले समुन्नत दोलखालीको दृष्टिकोण सहित तयार गरिएको आवधिक जिल्ला विकास योजनाको मार्गचित्रले कोरेको दोलखा विकासको गति ।
- २०७४ पछि एमालेको नेतृत्वको तहगत सरकारहरुबाट तय भएको वि . सं . २१०० सम्म लक्षित "समृद्ध नेपाल, सुखी नेपाली" राष्ट्रिय आकाङ्क्षा अनुरुपको विकास र समृद्धिका रुपरेखाहरु ।

**आदरणीय दिदीबहिनी तथा दाजुभाईहरु,**

हामीले खडा गरेको आधारभूत विकास-संरचनाको जगलाई थप मजवुत बनाउँदै, जनताको स्वशासन प्रत्याभूत गर्दै जनताको घर-आँगनमा पुग्ने स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाउने गरी नीति निर्माणको पक्षमा दृढताका साथ उभिँदै समावेशी प्रतिनिधित्व र विकास निर्माण एवं साधन-स्रोतमा जनताको स्वामित्व स्थापित गर्न आगामी फागुन-२१ गते हुन गइरहेको प्रतिनीधि सभा निर्वाचनका अवसरमा नेकपा (एमाले)का तर्फबाट थप प्रतिवद्धता सहित आएका छौं । नेकपा (एमाले) दोलखामा संविधान प्रदत्त संघ, प्रदेश र स्थानीय तहको साझा तथा एकल अधिकारको पूर्ण कार्यान्वयन गरी "समृद्ध नेपाल सुखी नेपाली" को आकाङ्क्षा पूरा गर्ने प्रतिवद्धता दोहोर्‍याउन चाहन्छ । यस अवसरमा नेकपा (एमाले), दोलखा जिल्ला कमिटीले जारी गरेको दोलखा घोषणा, ज्ञापनपत्र र प्रतिवद्धताहरुमा आधारित अधुरा सपना पुरा गर्दै नयाँ प्रयासको थालनी गर्ने यस ऐतिहासिक अवसरमा समृद्ध, सुखी र सबल दोलखा निर्माणका निम्ति प्रतिवद्धता र सङ्कल्प जारी गर्दछ ।

केही वर्षदेखि हामी बीच निम्नलिखित प्रश्नहरु टड्कारो रुपमा आएका छन् :

क) उल्लेख्य विकासका प्रयासहरु र उल्लेख्य आर्थिक प्रगतिका बावजुद मानिसहरु किन जिल्लाबाट अन्यत्र बसाइँ सर्दैछन् ?

ख) हाम्रा ग्रामीण वस्तीहरु मानिसहरुका लागि आकर्षक बसोबासस्थल बनाउन के गर्नु पर्ला ?

ग) युवा पुस्ताका लागि आफ्नै थातथलोमा सक्रियता र खुसीपूर्वक बस्ने अवसर र कार्यक्रमहरु के हुन सक्छन् ?

घ) उपलब्ध स्रोतहरुलाई कसरी परिचालन गर्दा थप आर्थिक उपार्जन र रोजगारीका थप अवसरहरु सिर्जना गर्न सकिन्छ ?

ङ) संघीयतापछि सङ्कटमा परेको जिल्लाका प्रमुख बजारहरु र व्यवसायलाई कसरी बचाउने र कायम राख्ने ?

उल्लेखित प्रश्नहरुको जवाफ खोज्न हामीले आगामी पाँच वर्षमा तल उल्लेखित मार्गदर्शन अनुसार काम गर्नेछौं :

### १. सुशासन तथा सामाजिक सेवा प्रवाह

- भ्रष्टाचार तथा लैङ्गिक हिंसामा सुन्य सहनशीलताको नीति अवलम्बन गरिनेछ । साथै सामाजिक समावेशीकरणको नीतिलाई प्राथमिकता दिइने छ ।
- नेकपा एमाले नेतृत्व सरकारले शुरु गरेको 'डिजिटल नेपाल फ्रेमवर्क' अन्तर्गत सबै सरकारी सेवालाई क्रमश: डिजिटल बनाउँदै लगिनेछ । सरकारी सेवा "लाईन होइन अनलाईन" भन्ने नारालाई मूर्त रुप दिइनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई नागरिकप्रति जवाफदेही तथा पारदर्शी बनाउन नियमित सार्वजनिक सुनुवाईको नीति लागू गरिनेछ ।

### २ . जलविद्युत र उर्जा

- ७५० मेगावाटको तामाकोशी तेस्रो जलविद्युत आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा अघि बढाइनेछ । खिम्ती ठोसे जलाशययुक्त आयोजनाको निर्माण सुरुवात गराइनेछ ।
- अध्ययन पूरा भई निर्माण सुरु हुने चरणमा रहेका र निर्माणाधीन जलविद्युत आयोजनाहरुमा दोलखाली जनतालाई शेयरको अग्राधिकार सुनिश्चितता गराइनेछ ।

- विद्युत प्रसारण लाईनबाट प्रभावित जिल्लाबासीहरुलाई उचित क्षतिपूर्ति तथा सहुलियतका लागि नीति निर्माण गर्न विशेष पहल गरिनेछ ।
- जिल्लाबासीहरुकै स्वामित्वमा १०० मेगावाटको सोलार प्रोजेक्ट विकास गरिनेछ।
- खिम्ती-१ आयोजनाको शेयर स्वामित्व कानुन वमोजिम स्थानीय जनताहरुमा हस्तान्तरण गराइनेछ ।
- विद्युत उपभोगको वर्तमान दरमा संशोधन गरी आगामी ५ वर्षभित्र जिल्लाका सबै घरधुरीलाई विद्युतीय चुलोमा पहुँच पऱ्याइनेछ ।

**३. सडक, भौतिक पूर्वाधार र सञ्चार**

- चीन र भारत जोड्ने नेपालकै छोटो दूरीको उत्तर दक्षिण लोकमार्गको लामाबगर-फलाक खण्ड निर्माण सम्पन्न गरी गोंगर-सिंगटी क्षेत्रमा अन्तराष्ट्रियस्तरको सुख्खा बन्दरगाह निर्माण गरिनेछ ।
- लामोसाँघु जिरी सडकको स्तरोन्नति कार्यलाई पूर्णता दिइने छ । हालसम्म अदालती प्रकृयाको कारण रोकिएको चरिकोट-मुडे खण्ड स्तरोन्नति कार्यलाई यथाशिघ्र सम्पन्न गराइनेछ ।
- काठमाडौं जिरी सडकलाई एभरेष्ट हाइवेको रुपमा विकास गरी नाम्चे बजारसम्म विस्तार गरिनेछ ।
- चरिकोट र जिरीमा विमानस्थल सञ्चालनका लागि पहल गरिनेछ ।
- जिल्ला रिङरोडको परिकल्पनाअनुसार प्राथमिकतामा रहेका जिल्लाका सबै रणनीतिक सडकहरुलाई स्तरोन्नति गरिने छ ।
- जिल्ला भित्रका सबै ग्रामीण बजार केन्द्रहरुलाई मूख्य राजमार्गसँग पक्की सडकले जोडिने छ ।
- जिल्ला भरी मोबाइल नेटवर्क र उच्च गतिको ब्रोडब्याण्ड एवं अप्टिकल फाइबर मार्फत इन्टरनेटको सुविधा पुऱ्याइने छ ।
- भीमेश्वर नगरपालिकाको डाङडुङ्गे डाँडामा निर्माण शुरु भएको फिल्म सिटीको निर्माण कार्य सम्पन्न गर्नका लागि आवश्यक बजेटको प्रवन्ध सहित सार्वजनिक-नीजी साझेदारी अवधारणामा सञ्चालन गरिने छ ।

**४. शिक्षा तथा रोजगारी**

- गौरीशंकर क्याम्पसलाई सेन्ट्रल हिमालयन युनिभर्सिटीको रुपमा विकास गर्नका लागि सक्रिय पहलकदमी लिनुका साथै मध्यपहाडी जिल्लाका सामुदायिक कलेजहरुलाई विश्वविद्यालयको छातामुनि ल्याइनेछ ।
- कम्तिमा एक पालिका एक उच्चमाध्यमिक विद्यालयमा विज्ञान विषयको पठनपाठन सुरुवात गरिनेछ । सबै पालिकामा आवासीय सुविधा सहितको कम्तिमा एक विद्यालय सञ्चालन गर्न आवश्यक पहल गरिने छ । विद्यालय शिक्षकहरुको क्षमता विकासका लागि नीतिगत व्यवस्था गरिनुका साथै प्रविधिमैत्री र सीपमुलक जनशक्ति उत्पादन गर्न विशेष कार्यक्रम ल्याइनेछ ।
- शिक्षक सेवा उत्तीर्ण शिक्षकहरुलाई विषयगत दक्षताका लागि अनिवार्य तालिमको व्यवस्था गर्न नीतिगत व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयका गरिब जेहेन्दार विद्यार्थीहरुका लागि दक्ष तथा प्राविधिक शिक्षा अध्ययन गर्न विशेष छात्रवृत्ति कोष स्थापना गराइने छ ।
- विदेशमा सिपमूलक रोजगारी गरी नेपाल फर्किएका युवाहरुले हाँसिल गरेका सिप र दक्षताको प्रमाणीकरणका लागि आवश्यक व्यवस्था गरिने छ ।
- रोजगारी प्रवर्द्धनका लागि सीपमुलक तालिम उपलब्ध गराई व्यवसायिक योजना तर्जुमा र लगानी स्रोतको पर्याप्त प्रबन्ध मिलाइने छ ।
- युवामैत्री व्यवसाय, सहुलियत कर्जा र “स्टार्ट अप फण्ड” प्रभावकारी बनाइनेछ ।

**५. कृषि, सिंचाइ र पशु विकास**

- खाद्यान्न उत्पादकत्व वृद्धिका लागि “माटो सुधार कार्यक्रम” सञ्चालन गरिनेछ ।
- दोलखालाई किवी, चिज र आलुको सुपर जोन घोषणा सहित उत्कृष्ट उत्पादन, प्रशोधन तथा प्रवर्द्धन केन्द्रको रुपमा विकास गरिने छ ।
- पहाडी बाली अनुसन्धान केन्द्र काब्रे र बागवानी विकास केन्द्र बोंचलाई पहाडी क्षेत्रको उपयुक्त बिउ बिजन र कृषि प्रविधि विकास गर्ने उन्नत अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ ।
- जिरी, यलुङ र गर्जाङ क्षेत्रमा रहेका पुराना पुश विकास फार्म र चेर्दुङ चिज कारखाना हरुलाई एकीकृत गरी पशु विकास अनुसन्धान र कृषक सहयोग केन्द्रको रुपमा विकास गरिने छ ।
- कृषि-बालीका लागि हानिकारक बाँदर लगायत जङ्गली-जनावर नियन्त्रणका लागि स्पष्ट कानुनी प्रबन्ध सहित कृषकहरुलाई उपयूक्त प्रविधि र उपकरणहरु सर्वसुलभ उपलब्ध गराइनेछ ।

### ६. उद्योग, खानी र खनिज

- हाल बन्द रहेको खरिढुङ्गा म्याग्नेसाईट खानी सञ्चालनका लागि पब्लिक कम्पनी विकास गरी अन्तराष्ट्रिय विज्ञ साझेदारी सहित जिल्लाबासीको लगानीमा प्रभावकारी सञ्चालन गरिने छ ।
- एक पालिका - एक औद्योगिक ग्रामको द्रुत कार्यान्वयन गर्दै "एक वडा - पाँच उद्यम" का लागि आवश्यक कार्यक्रम र बजेट व्यवस्था गरिने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका एवं सेवा-निवृत्त राष्ट्रसेवक तथा न्यून आयका श्रमीकहरुलाई आकर्षित गर्ने गरी गैर-कृषिमूलक साना व्यवसायको व्यापक प्रवर्द्धन गरिनेछ ।
- दलित, अपाङ्गता भएका व्यक्ति र एकल महिला घरमुली भएको परिवारलाई लक्षित गरी "एक महिला/पुरुष-एक सीप - एक उद्यम" का लागि बजेट व्यवस्था गरिनेछ ।

### ७. वन, वातावरण र पर्यटन

- जिल्लाका मुख्य पर्यटकीय गन्तब्यहरु - भीमेश्वर, कालिन्चोक, जिरी, विगु, लप्ची, रोलवालिङ, च्योर्दुङ र सैलुङ लगायतका क्षेत्रमा आवश्यक पूर्वाधार विकास गरी "एकीकृत प्याकेजिङ" सहित राष्ट्रिय/अन्तराष्ट्रिय आकर्षक गन्तव्यको रुपमा प्रवर्द्धन गरिनेछ । जिरी हाइवे आसपासका १० स्थानहरुलाई रेस्टिङ सेन्टर र भ्यू-प्वाइन्टका रुपमा विकास गरिनेछ ।
- गौरिशंकर-लामाबगर-विगु-कालिञ्चोक-डाङडुङे डाँडा-शैलुङ फुर्केसल्ला-च्यामादेउराली-हनुमन्ते-च्योर्दुङ-जटापोखरी-पाँचपोखरी हुँदै दुईतर्फी रोल्वालिङ भ्याली सर्किट (चक्र) पदयात्राको विशेष प्याकेज तर्जुमा गरिनेछ ।
- जिरी ताल निर्माण मार्फत जल-आधारित पर्यटनको विकास गरिनेछ । तामाकोशी नदीमा व्यवसायिक र्‍याफ्टीङ, कायाकिङ, बन्जी सुविधा विकास गरिनेछ । जिरी उपत्यकामा प्याराग्लाइडिङ लगायतका साहसिक पर्यटनको विकास गर्न विशेष पहल गरिनेछ ।
- जिल्ला भित्रका सामुदायिक वनका उपभोक्ताहरुको सहभागितामा जडिबुटी खेती र वनमा आधारित उद्यमहरुको प्रवर्द्धनका लागि विशेष प्याकेज विकास गरिनेछ ।
- भीमेश्वर नगर क्षेत्रमा राष्ट्रियस्तरको ग्रिष्मकालीन रङ्गशाला निर्माण मार्फत राष्ट्रिय अन्तर्राष्ट्रिय क्लबहरुलाई आकर्षित गरी खेल-पर्यटनको विकास गरिनेछ ।
- सामुदायिक वनहरुलाई विकासको वाधकका रुपमा नभइ विकास साझेदारको रुपमा विकास गर्नका लागि आवाश्यक कानुन तर्जुमा गरिनेछ ।
- गौरीशङ्कर संरक्षण क्षेत्रलाई समुदायमैत्री बनाई सहभागीतामुलक व्यवस्थापनको नीति लिइनेछ।

### ८. स्वास्थ्य र सरसफाई

- पशुपती चौंलागाईं स्मृति अस्पताल चरिकोटलाई आइसियू सेवा सहितको २०० बेड क्षमता र जिरी तथा सिंगटीको अस्पतालमा विशेषज्ञ डाक्टरहरु सहित आवश्यक यन्त्र उपकरणको व्यवस्था गरिने छ ।
- स्वास्थ्य विमालाई प्रभावकारी कार्यान्वयनका लागि नीति लिइनेछ ।
- जिल्लामा मेडिकल तथा इञ्जिनियरिङ कलेज स्थापना गर्न आवश्यक पहलकदमी लिइने छ ।
- नेकपा एमाले नेतृत्वको सरकारले शुरुवात गरेको प्रत्येक पालिकामा १५ बेड अस्पतालको निर्माण सम्पन्न गरी गुणस्तरीय जनशक्ति र उपचार सेवाको सुनिश्चितता गरिने छ ।
- जिल्लाका सबै प्रमुख शहरबजारहरुमा ढलनिकास तथा जिल्लाभर स्वच्छ पिउने पानीको उचित प्रबन्ध गरिनेछ ।
- जलवायु परिवर्तन, उत्थानशिलता र प्रजनन् स्वास्थ्यलाई प्राथमिकतामा राखिनेछ ।

### ९. सामाजिक सुरक्षा र संस्कृति जगेर्ना

- हिंसा प्रभावित महिलाहरुको उचित व्यवस्थापनका लागि सुरक्षित गृह (सेफ हाउस) र मनोपरामर्श केन्द्र स्थापना गरिने छ ।
- प्रत्येक वडामा जेष्ठ नागरिक मिलन तथा अन्तर-पुस्ता सिकाई केन्द्रको स्थापना गरिने छ ।
- एमाले नेतृत्वको सरकारले सुरुवात गरेको सामाजिक सुरक्षा कार्यक्रममा अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई अनिवार्य सहभागी गराइनेछ । अनौपचारिक श्रमिकहरुको न्यूनतम ज्याला तथा सम्मानित श्रम मापदण्ड कार्यान्वयनको अनुगमन र सुनुवाईको कानुनी व्यवस्था गरिनेछ ।
- अल्पसङ्ख्यक जातिहरु माझी, जिरेल, सुरेल, थामी, सुनुवारहरुको उत्थानका लागि भाषा, संस्कृति संरक्षण, शिक्षाको सहज पहुँच उपलब्ध गराउँदै सो समुदायका युवा र महिलाहरुका लागि विशेष आर्थिक सशक्तिकरणको प्याकेज विकास गरिनेछ ।